सेन्टर फर मिडिया रिसर्च – नेपाल

नीति पत्र

नीति पत्र शृङ्खला नं. ३५
आश्विन, २०७९

# मधेश प्रदेशमा मिडिया कानुन निर्माणको अवस्था

शिवनाथ यादव

## परिचय

संविधान देशको मुल कानुन हो । नेपालको संविधान २०७२ ले संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको मूल संरचना संघ, प्रदेश र स्थानीय तह गरी तीन तहको हुने व्यवस्था गरेको छ । संविधानले संघ, प्रदेश र स्थानीय तहको अन्तर सम्बन्ध सहकारिता, सहअस्तित्व र समन्वयको सिद्धान्तमा आधारित हुने व्यवस्था गरेको छ । तीन वटै तहका सरकारसमक्ष नागरिकसँग प्रत्यक्ष सम्बन्ध राख्ने ऐन, कानुन, नियमावली, निर्देशिका निर्माण गर्नुपर्ने दायित्व छ । प्रदेश तथा स्थानीय तहले नागरिकहरूको जीवन निर्वाहमा सहजता ल्याउन तथा संविधानले निर्दिष्ट गरेका हक, अधिकार एवं स्वतन्त्रताको रक्षा गर्न स्थानीय परिवेश अनुकुल नीति निर्माण गर्नुपर्छ ।

नागरिकलाई संविधानले दिलाएका अधिकारहरू हनन् हुनेगरी नीति निर्माण गर्नु हुँदैन । कुनै पनि सार्वजानिक नीतिले नागरिकहरूको आधारभुत स्वतन्त्रताको रक्षा गर्नुपर्छ । यदि त्यसो नभएमा ती सार्वजानिक नीतिहरूले गलत परिणाम निम्त्याउने मात्र होइन, त्यस्ता नीतिहरू कार्यान्वयन हुन कठिन हुन्छ । मधेश प्रदेश सरकार र प्रदेशभित्रका १ सय ३६ स्थानीय सरकारले विभिन्न नीति तथा कानुन निर्माण गरेका छन् । प्रस्तुत आलेखमा मधेश प्रदेश सरकारले प्रेस तथा अभिब्यक्ति स्वतन्त्रता र नागरिक स्वतन्त्रतासँग जोडिएका के कस्ता ऐन कानुनहरु ल्याएको छ र त्यसमा सरोकारवाला पक्षहरूको धारणा कस्तो छ भन्ने विषयमा विश्लेषण गरिएको छ । आलेखमा विशेष गरी मधेश प्रदेश सभाले निर्माण गरेका ऐन कानुनहरूका साथै वीरगञ्ज महानगरपालिकाले बनाएको मिडिया एवं नागरिक स्वतन्त्रतासँग जोडिएका नीति एवं ऐनहरूको विश्लेषण समेटिएको छ ।

# पृष्ठभूमि

मधेश प्रदेशमा एउटा महानगरपालिका, ३ वटा उपमहानगरपालिका, ७३ नगरपालिका र ५९ गाउँपालिका गरी कूल १३६ वटा स्थानीय तह छन् । ९,६६१ वर्ग किलोमिटर क्षेत्रफल रहेको यो प्रदेशमा नेपालको कूल क्षेत्रफलको ६.५ प्रतिशत हिस्सा र जनगणना २०६८ अनुसार ५४,०४,१४५ (कुल जनसंख्याको १७.१४ प्रतिशत) जनसंख्या रहेको छ ।

मधेश प्रदेशको पत्रकारिताको इतिहास ७ दशक लामो रहेको छ । मधेश प्रदेशमा अन्य सञ्चार माध्यमको तुलनामा पत्रपत्रिकाको संख्या धेरै छ । मधेश प्रदेशमा ७१० पत्रपत्रिका दर्ता भएका छन् भने अहिले १३६ वटा नियमित प्रकाशन भएको देखिन्छ । ९६ वटा रेडियो र ४ वटा टेलिभिजन दर्ता भएका छन् । प्रदेशमा ९२ वटा अनलाइन दर्ता भएको रेकर्ड छ जसमध्ये ६५ वटा सञ्चालनमा छन् ।[1]

प्रदेशका ८ वटै जिल्लामा नेपाल पत्रकार महासंघका शाखा छन् । नेपाल प्रेस युनियन, प्रेस संगठन नेपाल, प्रेस सेन्टर नेपाल, आदिवासी जनजाती पत्रकार महासंघ, आर्थिक पत्रकार समाज, मधेशी पत्रकार संघ, थारू पत्रकार संघ, राष्ट्रिय दलित पत्रकार संघ, नेपाल वातावरण पत्रकार संघ, स्वतन्त्र पत्रकार संघ, चलचित्र पत्रकार संघ, पर्यटन पत्रकार संघ, सामुदायिक रेडियो प्रसारण संघ, ब्रोडकाष्टिङ्ग एशोसियसन अफ नेपाल, संसदीय मामिला पत्रकार समाज, संचारिका समूह नेपाल, प्रकाशन तथा प्रसारण समाज, मधेशी पत्रकार समाज लगायतका समूह तथा संस्थाहरू मिडिया अधिकारका क्षेत्रमा क्रियाशील छन् ।

समाज कल्याण परिषदका अनुसार मधेश प्रदेशमा २०७६ असारसम्म ७ हजार १ सय ७५ संस्थाहरू दर्ता छन् भने अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक), महिला मानव अधिकार रक्षक संजाल, कोक्याप, हाम्रो अभियान पर्सा, मानव अधिकार संगठन, आसमान नेपाल, लगायतका संस्थाहरूले सार्वजनिक नीति निर्माणको विषयमा बहस सिर्जना गर्दै आएका छन् । मधेश प्रदेशमा रहेका विभिन्न गैर सरकारी संस्थामध्ये पर्सा (८४३), बारा (८२८), रौतहट (१०८१), सर्लाही (८१८), महोतरी ( ११०२), धनुषा (११४५), सिरहा (४८३), र सप्तरी (८७५) रहेका छन् ।

१ प्रेस काउन्सिल नेपाल ४६ बार्षिक प्रतिवेदन २०७८ । प्रेस काउन्सिल नेपाल ।

# मधेश प्रदेशमा मिडिया कानुनका अवस्था

मधेश प्रदेश सरकारले २०७७ साउन १ गतेसम्म जम्मा ७१ वटा ऐन निर्माण गरेको छ । प्रदेशसभामा तीन वटा विधेयक दर्ता भई छलफलमा रहेको छ । त्यसमध्ये प्रेस तथा अभिव्यक्ति स्वतन्त्रतासँग जोडिएका दुईवटा ऐन र एउटा नियमावली बनेका छन् । नियमावली एक पटक संसोधन समेत गरिसकिएको छ । २०७७ साउन ५ गते प्रदेश सरकारले प्रदेश एफएम, रेडियो तथा टेलिभिजन सञ्चालन सम्बन्धि ऐन जारी गरेको हो । ऐनमा १ सय वाटभन्दा माथि १ हजार वाटसम्मको एफएम रेडियोमार्फत प्रसारण र केबुलमा आधारित टेलिभिजन प्रशारण गर्न गराउन अनुमति लिनुपर्ने व्यवस्था छ ।

प्रदेश सरकारले बनाएको ऐन विपरित काम गरे सचेत गराउने र अटेरी गरे तोकिएको अधिकारीले दश हजार रूपैयाँदेखि एक लाख रूपैयाँसम्म जरिवाना गर्न सक्ने ऐनमा उल्लेख छ । ऐनको दफा ११ मा प्रसारणमा सचेत गराउन सकिने व्यवस्था अर्न्तगत भनिएको छ, 'नेपालको सार्वभौमसत्ता, भौगोलिक अखण्डता, राष्ट्रियता वा संघीय इकाईबीचको सम्बन्ध वा विभिन्न जातजाति, धर्म, सम्प्रदायबीचको सुसम्बन्धमा खलल पर्ने राज्यद्रोह, गाली बेईज्यती वा अदालतको अवहेलना हुने वा अपराध गर्न दुरूत्साहन गर्ने वा अदालतको अवहेलना हुने वा अपराध गर्न दुरूत्साहन गर्ने वा सार्वजनिक शिष्टाचार, नैतिकताको प्रतिकुल कार्य गर्ने, श्रमप्रति अवहेलाना गर्ने र जातीय छुवाछुत एवं लैंगिक विभेदलाई प्रत्यक्ष वा परोक्ष सहयोग पुग्ने कुनैपनि कार्यक्रम प्रसारण गरेमा त्यस्तो प्रसारण संस्थालाई मन्त्रालयले सचेत गराउन सक्नेछ ।' त्यस्तै दफा १९ मा प्रसारकको काम कर्तब्य र अधिकार ८ वटा बुँदामा तोकिएको छ जुन निम्नानुसार छन् :

(क) आफू समक्ष प्राप्त हनु आएका सूचना, समाचार, लेख वा कार्यक्रमहरूको सत्यतावारे आवश्यक छानविन गरी निर्धारित समयमा प्रसारण गर्ने, गराउने,

(ख) राजनैतिक रूपमा निष्पक्ष भई समाचारको सम्पादन तथा प्रसारण गर्ने, गराउने,

(ग) सार्वजनिक सुरक्षा, नैतिक र सामाजिक मर्यादामा आँच आउने किसिमका कार्यक्रमहरू प्रसारण नगर्ने, नगराउने,

(घ) कसैको चरित्र हत्या वा अपमान हने वा लैंगिक हिंसा वा विभेदलाई वढावा दिने प्रकृतिका सामग्री प्रसारण नगर्ने वा गर्न नलगाउने,

(ङ) लापरवाही वा हेलचक्र्याइँपुर्वक कुनै पनि कुराको प्रसारण गर्न वा गराउन नहुने,

(च) कुनै विवादास्पद विषयमा प्रसारण गर्नु परेमा सम्भव भएसम्म सबै दृष्टिकोणबाट विश्लेषण गरी वस्तुस्थितीलाई नबंग्याई प्रसारण गर्नुपर्ने,

(छ) गलत तथा भ्रामक समाचार तथा अन्य सामग्रीको संकलन तथा प्रसारण गर्न नहुने,

(ज) प्रसारण संस्थाले तोकिदिएवमोजिम अन्य कार्य गर्ने ।

ऐनमा दफा ११ वमोजिम सचेत गराउँदा पनि नमानेमा वा त्यस किसिमको प्रसारण पुन गरेमा त्यस्तो प्रसारण संस्थालाई कार्यक्रम प्रसारण गर्न रोक लगाई सजाय गर्न सकिने उल्लेख छ भने दफा १९ को उल्लंघन गरेमा पनि सजाय हुने व्यवस्था छ । दफा ११ र दफा १९ विपरित कार्य गरेमा 'त्यस्तो प्रसारण गर्ने संस्था, प्रसारक वा सम्बन्धित व्यक्तिलाई तोकिएको अधिकारीले दश हजार रूपैयाँदेखी एक लाख रूपैयाँसम्म जरिवाना गर्न सकिने' दफा २० (२) मा उल्लेख छ । दफा ११ र १९ विपरित दोस्रो पटक कार्य गरेमा भने अनुमति नै रद्ध गर्न सकिने दफा २० को उपदफा ३ मा उल्लेख गरिएको छ । तर, जरिवाना गर्नुअघि सम्बन्धित अधिकारीले त्यस्तो प्रसारण संस्था, प्रसारक वा सम्बन्धित अन्य व्यक्तिलाई आफनो सफाई पेश गर्ने मौका दिनुपर्ने पनि सोही दफाको उपदफामा उल्लेख गरिएको छ ।

प्रदेशमा मिडिया तथा अभिव्यक्ति स्वतन्त्रतासँग जोडिएको प्रदेश सञ्चार ऐन २०७७ भदौ ३ गते राजपत्रमा प्रकाशित भई कार्यान्वयनमा छ । दफा ५२ मा प्रकाशन तथा प्रसारण गर्न नहुने भनी ८ बुँदा तोकिएको छ ।

(क) सार्वभौमसत्ता, भौगोलिक अखण्डता वा राष्ट्रियतामा आँच आउने विषय,

(ख) विभिन्न संघीय इकाइबीचको सु-सम्बन्धमा आँच आउने विषय,

(ग) विभिन्न जात, जाती, धर्म वा सम्प्रदायबीचको सु-सम्बन्धमा खलल पर्ने,

(घ) राज्यद्रोह वा अदालतको अवहेलना वा अपराध गर्न दुरूत्साहन गर्ने विषय,

(ङ) गाली बेइज्जती,

(च) सार्वजनिक शिष्टाचार र नैतिकताको प्रतिकूल हुने विषय,

(छ) श्रमप्रति अवहेलना गर्ने विषय वा

(ज) जातीय छुवाछुत एवं लैंगिक तथा सामुदायिक भेदभावलाई दुरूत्साहन गर्ने विषय ।

ऐन ल्याउनुअघि एकीकृत सञ्चार विधेयक २०७७ को मस्यौदामा छलफल हुँदा प्रदेश सरकारले सरोकारवालाहरूसँग राय सुझाव लिएको थियो । विधेयकमा 'प्रदेशको सार्वभौमसत्ता, भौगोलिक अखण्डता वा राष्ट्रियतामा आँच आउने विषय'मा समाचार लेखेकोमा कसुरको मात्रा हेरेर पचास लाखदेखि एक करोडसम्म जरिवाना गर्नसक्ने प्रावधान राखिएको थियो । नेपाल पत्रकार महासंघ, मधेश प्रदेश कमिटिले विधेयक प्रेस स्वतन्त्रता कुण्ठित गर्ने ढंगले ल्याईएको भन्दै विरोध जनाएको थियो । महासंघमा आवद्ध पत्रकारहरू विधेयकमा उल्लेखित प्रावधानप्रति असहमति जनाउँदै सडकमै निस्कनुपरेको थियो ।

पत्रकार महासंघले प्रदेश नं. २ को सरकारले प्रदेशसभामा प्रेस स्वतन्त्रतालाई कुण्ठित गर्नेगरी विधेयक ल्याएकोप्रति गम्भीर ध्यानाकर्षण भएको जनाएको थियो । 'समाचार लेखेकै आधारमा ५० लाखदेखि १ करोडसम्म जरिवान गर्नेगरी विधेयक ल्याउनु प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको विरूद्ध छ । नेपालको संविधानमा नै पूर्ण प्रेस स्वतन्त्रता उल्लेख भएको सन्दर्भमा समाचार लेखेको कारण चर्को आर्थिक दण्डको व्यवस्थासहितको विधेयक ल्याउनु पत्रकारको निर्वाध ढंगबाट सञ्चारकर्म गर्न पाउने संवैधानिक व्यवस्थामाथिको प्रहार हो', महासंघका महासचिव रमेश विष्टद्धारा जारी विज्ञप्तीमा भनिएको छ, 'संघीय संसदमा दर्ता भएको मिडिया काउन्सिल विधेयकमा प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताविरोधी प्रावधान राखिएपछि महासंघ आन्दोलनमा भएको बेला प्रदेश २ सरकारले पनि प्रेस स्वतन्त्रताविरोधी प्रावधानसहितको विधेयक दर्ता गराएकोमा महासंघ कडा आपत्ति प्रकट गर्दछ । महासंघ पत्रकारको संवैधानिक अधिकार र प्रेस स्वतन्त्रताको विश्वव्यापी मान्यताविपरीतको उक्त विधेयक तत्काल फिर्ता लिन र प्रेस स्वतन्त्रताको निर्वाध उपभोग गर्ने वातावरण निर्माण गर्न सम्बन्धित निकायसमक्ष जोडदार माग गर्दछ ।'[२]

विधेयकप्रति महासंघले मात्र होइन, सांसदहरूले समेत आपत्ति जनाएका थिए । यतिसम्म कि सत्तारूढ दलका सांसदले समेत विरोध जनाएका थिए । प्रदेशसभा वैठकको विशेष समयमा बोल्दै सत्तारूढ समाजवादी पार्टीका

२ नेपाल पत्रकार महासंघ । २०७६ । पत्रकार महासंघको प्रेस विज्ञप्ती ।

सांसद रामाशिष यादवले कार्यपालिका, न्यायपालिका र व्यवस्थापिकालाई नजिकबाट हेर्ने प्रेसलाई नियन्त्रण गर्न खोज्नु ठीक नभएको बताए । पत्रकारलाई बाँध्न खोजिए देशमा निरंकुशता हावी हुने उनको भनाई थियो ।[३]

सत्तासिन राजपाकी सांसद सुरिताकुमारी साहले प्रदेश सरकारले ल्याएको पत्रकारबिरोधी विधेयक सच्चयाउनुपर्ने बताइन् । प्रजातन्त्रको रक्षा प्रेस जगतले नै गर्ने गरेको बताउँदै उनले प्रजातन्त्रलाई कायम राख्न प्रेसबिरोधी गतिविधि बन्द गर्नुपर्ने बताएकी थिइन् ।[४] प्रमुख प्रतिपक्षी नेकपाकी सांसद मञ्जु यादवले पत्रकारलाई नियन्त्रण गर्न खोजेर प्रदेश सरकारले लोकतन्त्रलाई नै नियन्त्रणमा लिन खोजेको बताएकी थिइन् । विगतका दिनमा भएका मधेश आन्दोलनसहित हरेक आन्दोलनमा सहयोग गर्ने पत्रकारलाई प्रोत्साहित गर्नुको साटो यस्तो विधेयक ल्याएर दण्डित गर्न खोजिएको उनको भनाई थियो ।[५]

आन्तरिक मामिला तथा कानुन मन्त्री ज्ञानेन्द्र यादवले ०७७ जेठ ३ गते प्रेस बिज्ञप्ती जारी गर्दै सञ्चार सम्बन्धी विधेयकमा 'सम्प्रभुताविरूद्व समाचार लेखेमा ५० लाखदेखि एक करोडसम्म जरिवाना गर्ने भन्ने वाक्यांस  र अन्य केहि शब्दावली प्राविधिक त्रुटिवश पर्न गएकाले यसलाई सञ्चारकर्मीहरूको थप परामर्शबाट संशोधन र परिमार्जन गरिने' प्रतिवद्वता जनाएका थिए । पछि विधेयकमा संशोधन गरियो । अहिले प्रदेश सञ्चार ऐनको दफा ६२, ६३ र ६४ मा कसुर, सजाय र पुनरावेदन सम्बन्धी व्यवस्था छ जसमा १० हजारदेखि २० हजार रूपैयाँसम्म जरिवाना, यन्त्र उपकरण जफत र मुनासिव क्षतिपूर्ति भराउनुपर्ने व्यवस्था राखिएको छ । अहिले ऐन कार्यन्वयनमा गएको छ । प्रदेश सरकारले यो ऐन अर्न्तगत रही आम सञ्चार प्राधिकरण, मिडिया काउन्सिल  र लोकसञ्चार प्रवर्द्धन बोर्ड गठन गरिसकेको छ । ०७७ माघ २३ गते सञ्चार प्राधिकरणको अध्यक्षमा श्यामसुन्दर यादव, मिडिया काउन्सिलको अध्यक्षमा शिवहरि भट्टराई र चलचित्र विकास बोर्डको अध्यक्षमा धर्मेन्द्र मोरबैतालाई नियुक्त गरिएको छ भने ऐनमा भएको व्यवस्था अनुसार सदस्यहरू पनि नियुक्त भईसकेका छन् । काउन्सिलको सदस्यमा कैलाश दास (धनुषा), अर्जुन मण्डल (धनुषा), रिंकु मिश्र (धनुषा) र बन्दना झा (सर्लाही) लाई नियुक्त गरिएको छ भने प्राधिकरणको सदस्यमा अमरेन्द्र यादव (सप्तरी) र प्रतिमा चौधरी (बारा)लाई नियुक्त गरिएको छ । चलचित्र तथा लोकसञ्चार प्रर्वद्धन बोर्डको सदस्यमा अशोक दत्त, पुष्पा यादव र बिएम पटेललाई नियुक्त गरिएको छ ।

मधेश प्रदेशले आमसंचार प्राधिकरण विधेयक २०७९ ल्याएपनि त्यो पारित हुन सकेको छैन । त्यसमा दफा १३ (१) मा कुनै प्रसारण संस्थाले यस ऐन वा यस ऐन अन्तर्गत बनेको नियमको विपरित कुनै कार्यक्रम प्रसारण गरेमा प्राधिकरणले त्यस्तो प्रसारण संस्थालाई पहिलो पटक जरिवाना गर्न सक्नेछ । त्यस्तै उपदफा (३) मा उपदफा (१) बमोजिम सचेत गराउँदा समेत यस ऐन वा ऐन अन्तर्गत बनेको नियम विपरित कुनै कार्यक्रम प्रसारण गरेमा मन्त्रालयले त्यस्तो प्रसारण संस्थाले प्राप्त गरेको इजाजतपत्र रद्द गर्न सक्नेछ ।

## सामाजिक संस्था दर्ता ऐनमा तजवीजी अधिकार

मधेश प्रदेश सरकारले संस्था दर्ता सम्बन्धमा व्यवस्था गर्न बनेको ऐनको प्रस्तावनामा नै 'संघ संस्थाहरूको स्थापना, स्वीकृति, संचलन, नियमन गर्न र त्यस्तो संस्थाहरूको क्रियाकलापलाई पारदर्शी बनाउने सम्बन्धमा कानुनी व्यवस्था गर्न वाञ्छनीय भएकोले' भन्ने कुरा उल्लेख गरिएको छ । यसरी सामाजिक संघ संस्थाहरु अपारदर्शी छन् र ती संस्थाहरूको क्रियाकलापलाई नियमन गर्न आवश्यक छ भन्ने सोचले कानुन निर्माण भएको देखिन्छ । यस्तो सोचका कारण सामाजिक संस्थाहरूको गतिविधीमा धेरै नै नियन्त्रण गर्न खोजेजस्तो देखिन्छ जुन गलत छ ।

ऐनको दफा ३ को उपदफा ४ मा 'अन्य प्रदेशमा दर्ता भएका कुनै संस्थाले यस प्रदेशमा शाखा खोल्न चाहेमा तोकिएबमोजिमको प्रक्रिया पुरा गरी शाखा खोल्न सक्नेछ' भन्ने प्रावधान आफैमा झन्झटिलो किसिमको छ । यो व्यवहारिक देखिदैन । दफा ३ (५) मा उपदफा (२) र (४) बमोजिमको संस्थाले आफनो कार्यक्षेत्र रहेको स्थानीय तहमा काम गर्न चाहेमा सो कुराको जानकारी स्थानीय तहलाई गराउनुपर्नेछ र स्थानीय तहले पनि त्यस्तो संस्थाको अभिलेख राख्नुपर्नेछ । सबै स्थानीय तहलाई जानकारी गराउनुपर्ने यो प्रावधान पनि आफैमा झन्झटिलो किसिमको छ । दफा ३ (७) मा यससम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ भनी उल्लेख गरिएको विषय झनै

३ अनलाइनखवर । २०७६ । प्रदेशसभा २ मा सत्तारूढ सांसदले नै गरे संचार विधेयकको विरोध । जेठ ६ गते । www.onlinekhabar.com/2019/05/767203

४ Ibid

५ Ibid

अमुर्त छ ।

दफा ४ मा संस्था दर्ता गर्न निवेदन दिदा समितिका सदस्यको नाम, ठेगाना, नागरिकताको प्रतिलिपी, सम्पर्क नम्बर र पेशा बुझाउनुपर्ने उल्लेख छ । यस किसिमको प्रावधानले समावेशी हुनुपर्ने कुराको सुनिश्चितता गर्दैन । कम्तीमा एक तिहाई वा पचास प्रतिशत सदस्य महिला हुनुपर्नेजस्ता प्रावधान राख्नु उपयुक्त हुन्थ्यो ।

दफा ४ (२) मा उपदफा (१) बमोजिमको निवेदन प्राप्त भएपछि संस्था दर्ता अधिकारीले आवश्यक जाँचबुझ गरी संस्था दर्ता गर्न उचित ठानेमा तोकिएबमोजिमको वर्गीकरणको आधारमा संस्था दर्ता गरी दर्ताको प्रमाणपत्र दिनेछ । ऐनमा उल्लेखित यो प्रावधान तजवीजी किसिमको छ । तजवीजी प्रावधान लोकतान्त्रिक व्यवस्थामा सुहाउने विषय होइन ।

४ (३) मा संस्था दर्ता अधिकारीले कुनै संस्था दर्ता नगर्ने निर्णय गरेमा त्यसको सुचना निवेदकलाई दिनुपर्नेछ र उक्त निर्णयमा चित्त नबुझेमा निवेदकले सुचना प्राप्त गरेको मितिले पैंतीस दिनभित्र त्यस्तो निर्णयउपर प्रदेश सरकारले तोकेको अधिकारीसमक्ष उजूर गर्न सक्नेछ । यस्तो व्यवस्था आफैमा ठीक भएपनि सेवाग्राहीले भने अनावश्यक झण्झट व्यहोर्नुपर्ने हुन्छ । दफा ५ (२) मा नवीकरणसम्बन्धी अन्य व्यवस्था तोकिएवमोजिम हुनेछ भनी उल्लेख गरिएको विषय पनि अमुर्त किसिमको छ ।

## स्थानीय तहमा मिडिया नीति निर्माणको अवस्था

प्रदेश २ मा ९६ वटा एफएम रेडियो छन् । रेडियो नेपालको क्षेत्रिय प्रशारण बर्दिबासमा छ ।सीमाञ्चलका रेडियोहरू नजिकका भारतीय गाउँसहरमा समेत गुञ्जिन्छन् । सूचना सन्देश र मनोरञ्जनको भरपर्दो माध्यमको रूपमा यसलाई प्रयोग गरिन्छ । प्रदेशमा वीरगञ्ज महानगरपालिकाले २०७५ असार २१ गते एफएम रेडियो ऐन ल्याएको छ । नेपालको संविधान २०७२ को धारा २२६ तथा स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ बमोजिम ऐन जारी गरिएको हो । संविधानको अनुसूची ८ को स्थानीय तहसम्बन्धी अधिकारको २२ वटा सूचीमध्ये बुँदा नं. ३ मा ' एफएम रेडियो सञ्चालन' को अधिकार तोकिएको छ ।

स्थानीय सरकार सञ्चालन ऐनको दफा १०२ मा पालिकाले अधिकार क्षेत्र भित्रका विषयमा ऐन बनाउन सक्ने व्यवस्था छ ।

नेपाल सरकारले स्थानीय तहमा एफएम रेडियो व्यवस्थापन तथा सञ्चालनका लागि २०७४ भदौमा नमुना कार्यविधि जारी गरेको थियो । यो नमुना कानुन जारी गर्नुको मुख्य उद्देश्य स्थानीय तहलाई कानुन निर्माणमा सहज होस् र संघिय एवं प्रादेशिक कानुनसँग नबाझियोस् भन्ने हो । एफएम रेडियोसम्बन्धी कानुनको मूलभूत सारमा एकरूपता ल्याउनका लागि पनि यस किसिमको नमुना कानुन जारी गरिन्छ ।

यस्तै नेपालको संविधानको अनुसूची ५, ६, ७, ८ र ९ मा उल्लिखित संघ, प्रदेश र स्थानीय तहको अधिकारहरूको कार्य विस्तृतीकरणसम्बन्धी नेपाल सरकार मन्त्रिपरिषदबाट स्वीकृत प्रतिवेदनको परिच्छेद ४ अन्तर्गत बुँदा नम्बर ४.३ मा स्थानीय तहको अधिकार तथा कार्य विस्तृतीकरण गरिएको छ । त्यसमा पनि स्थानीय तहको एकल अधिकारको (अनुसूची ८) विस्तृतीकरण शीर्षकअन्तर्गत बुँदा नम्बर ३.२ मा एफएम सञ्चालनबारे व्याख्या गर्दै भनिएको छ– '१०० वाटसम्मका एफएम रेडियो सञ्चालन अनुमति नवीकरण र नियमन ।' त्यस्तै ३.२ मा चाहिँ 'स्थानीय क्षेत्रभित्र इन्टरनेट सेवा, टेलिसेन्टर र स्थानीय केबुल तथा तारविहीन टेलिभिजन प्रसारणको अनुमति, नवीकरण र नियमन' गर्ने पनि स्थानीय तहको अधिकारभित्रै तोकिएको छ । यस हिसावले कानुनतः १०० वाटसम्मको एफएम रेडियो सञ्चालन अनुमति, नवीकरण र नियमनको जिम्मा स्थानीय तहको हो ।

यसरी संघीय सरकारसँग समन्वय गर्दै स्थानीय सरकारले १०० वाटसम्मको रेडियो सञ्चालनको अनुमति दिन कानुन जारी गर्न सक्छ । वीरगञ्ज महानगरपालिकाले स्थनीय एफएम रेडियोलाई विकास सञ्चार साझेदारको रूपमा प्रवर्द्धन गर्दै तिनको सञ्चालन अनुमति, सहजीकरण, नियमन तथा खारेजी सम्बन्धि व्यवस्था एफएम रेडियो ऐनमा गरेको छ । अनुमति नलिई एफएम रेडियो सञ्चालन गर्ने व्यक्ति वा संस्थालाई एक लाख रूपैयाँसम्म जरिवाना गर्ने व्यवस्था ऐनमा उल्लेख छ । त्यस्तै रोक लगाएको कुरा प्रसारण गरेमा ५ हजार रूपैयाँ जरिवाना गर्न सकिने प्रावधान पनि ऐनमा उल्लेख गरिएको छ ।

# निष्कर्ष

प्रदेश सरकारले ल्याएका विभिन्न कानुन तथा विधेयकहरूमा मिडियालाई अवरोध गर्न सक्ने प्रावधानहरु राखेको पाइन्छ । एफएम, रेडियो र टेलिभिजनको सञ्चालन सम्बन्धी ऐन, २०७५ को  दफा १२ (१) मा दफा ७ बमोजिम इजाजत प्राप्त संस्थाले यो ऐन वा यस ऐन  अन्तर्गत बनेको नियम विपरित कुनै कार्य गरेमा तोकिएको निकायले निजले प्राप्त गरेको इजाजतपत्र रद्द गर्न सक्नेछ भनी उल्लेख गरिएको छ । इजाजतपत्र रद्द गर्नुअघि मन्त्रालयले त्यस्तो  संस्थालाई आफ्नो सफाइ पेश गर्ने मनासिब मौका दिनुपर्नेछ भन्ने प्रावधान रहेको छ । ऐनमा नेपालको सार्वभौमसत्ता, भौगोलिक अखण्डता, राष्ट्रिय वा संघीय एकाइबीचको सम्बन्ध वा विभिन्न जात, जाति, धर्म वा सम्प्रदायबीचको सुसम्बन्धमा खलल पर्ने, राजद्रोह, गाली बेइज्जती वा अदालतको अवहेलना हुने वा अपराध गर्न दुरूत्साहन गर्ने वा सार्वजनिक शिष्टाचार, नैतिकताको प्रतिकूल कार्य गर्ने, श्रमप्रति अवहेलना गर्ने र जातीय छुवाछूत एवं लैङ्गिक विभेदलाई प्रत्यक्ष वा परोक्ष सहयोग पुग्ने कुनै कार्यक्रम प्रसारण गरेमा त्यस्तो संस्थालाई मन्त्रालयले सचेत गराउन सक्ने सचेत गराउँदा पनि नमानेमा वा त्यस किसिमको प्रसारण पुनः गरेमा प्रसारण रोक लगाउन सक्ने व्यवस्था छ । त्यस्तै गलत र भ्रामक तथ्य राखेर राजनीतिक दल, व्यक्ति, संस्था, समुदायलगायतलाई प्रतिकूल असर पार्ने कुराहरु, अश्लील किसिमका सामग्रीहरु विज्ञापन प्रसारण गर्न नपाइने व्यवस्था पनि उल्लेख छ ।

आमसञ्चार प्राधिकरण विधेयक, २०७९ को दफा १२ मा नेपालको  संविधानको धारा ५ र धारा २० को मर्म र भावना विपरित काम गरेमा प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशित गरी १ पटकमा ६ महिना नबढाइ कुनै खास विषय, घटना वा क्षेत्रसँग सम्बन्धित कुनै कार्यक्रम प्रसारण संस्थाबाट प्रसारण गर्न नपाउने गरी रोक लगाउन सक्ने व्यवस्था छ । विधेयकको दफा १३ मा (१) कुनै प्रसारण संस्थाले यस  ऐन वा यस ऐन अन्तर्गत बनेको नियमको  विपरित कुनै कार्यक्रम प्रसारण गरेमा प्राधिकरणले त्यस्तो प्रसारण  संस्थालाई पहिलो पटक जरिवाना  गर्न सक्ने र  इजाजतपत्र रद्द गर्नुअघि प्राधिकरणले त्यस्तो प्रसारण संस्थालाई आफ्नो सफाइ पेस गर्न मनासिब  माफिकको मौका दिने उल्लेख छ भने सोही दफामा सचेत गराउँदा समेत यस ऐन वा ऐन अन्तर्गत बनेको नियम विपरित कुनै कार्यक्रम प्रसारण गरेमा मन्त्रालयले त्यस्तो प्रसारण संस्थाले प्राप्त गरेको इजाजतपत्र रद्द गर्न सक्ने उल्लेख छ ।

प्रदेश सञ्चार सम्बन्धी ऐन, २०७७ मा सार्वभौमसत्ता, भौगोलिक अखण्डता वा राष्ट्रियतामा आँच आउने, सर्वसाधारण जनताको सदाचार, नैतिकता र सामाजिक मर्यादामा आघात पर्न जानेलगायतका विषयमा प्रकाशनमा प्रतिबन्ध लगाउन सक्ने व्यवस्था छ । त्यस्तै राष्ट्रिय हित र मर्यादाविरूद्ध हुने कुराहरु गर्ने, राष्ट्रको शान्ति, व्यवस्था र सुरक्षामा खलल पुऱ्याउनेलगायतका विषय, विदेशी प्रकाशनको पैठारीमा नियन्त्रण, कसैले पनि प्रतिबन्धित प्रकाशन वा निषेधित प्रकाशन निकास, बिक्री वितरण आदि गर्न नहुने जस्ता प्रावधानहरू राखिएको छ भने प्रकाशन तथा प्रसारण गर्न नहुने भन्दै सार्वजनिक शिष्टाचार र नैतिकता प्रतिकूल हुने विषय, श्रमप्रति अवहेलना गर्ने विषयलगायतका ८ वटा बुँदा उल्लेख गरिएको छ ।  ऐनको दफा २९ मा विनाआधार लगाइएका आक्षेपपूर्ण कुराहरु, देशको परराष्ट्र नीति विपरितका कुराहरूलगायतमा विज्ञापन प्रकाशन तथा प्रसारण गर्न पाइने छैन भन्ने व्यवस्था गरिएको छ  ।

यसरी कानुन/विधेयकमा राखिएका प्रकाशनमा प्रतिबन्ध, प्रकाशनमा निषेध, विदेशी प्रकाशनको पैठारीमा नियन्त्रण, प्रतिबन्धित प्रकाशन वा निषेधित प्रकाशन निकासी, बिक्री वितरण आदि गर्न नहुने, इजाजतपत्र नलिइ प्रसारण गर्न नहुने, प्रसारणमा रोक लगाउन सकिने, प्रसारण संस्थाको इजाजतपत्र रद्द गर्न सकिने, कार्यक्रम उत्पादन तथा प्रसारणमा प्राथमिकताका विषय, विज्ञापन प्रसारण गर्न नपाइने, प्रसारकको काम, कर्तव्य र अधिकारजस्ता विषय विषयहरूले जुनसुकै वेला पनि पत्रकार र मिडिया हाउसहरू समस्यामा पर्न सक्छन् । त्यसैले पनि कानुनमा रहेका यस्ता प्रावधानहरूको पुनर्विचार गरी संशोधन गर्न जरूरी छ ।

सेन्टर फर मिडिया रिसर्च–नेपाल, मिडिया र नागरिक समाजसँग सम्बन्धित नीतिगत तथा व्यवहारिक पक्षमा अध्ययन तथा अनुसन्धान गर्ने संस्था हो । सेन्टरले मिडिया र नागरिक समाजका विभिन्न पक्षबारे अनुगमन, छलफल, तालिम, गोष्ठी, सेमिनारलगायत कार्य गर्दै आएको छ । सेन्टरले पछिल्लो समय संघीय, प्रादेशिक र स्थानीय सरकारले निर्माण गरेका मिडिया र नागरिक समाजको क्षेत्रलाई संकुचन गर्ने गरी ल्याइएको नीति तथा कानुनहरूका कमी/कमजोरी केलाएर संशोधनका लागि टिप्पणी तथा सुझाव दिँदै आएको छ । समग्रमा, मिडिया एवं नागरिक समाजसँग सम्बन्धित नीतिबारे अध्ययन/अनुसन्धान गर्न चाहनेहरूको सहजता र नीति सम्बन्धमा सरोकारवालाहरूको सरोकार एवं कार्यलाई एकीकृत गरी नीतिलाई समयसापेक्ष र लोकतान्त्रिक बनाउन सहयोग गर्ने उद्देश्यले सेन्टरले नेपालः मिडिया पोलिसी हब र सिभिक स्पेश पोलिसी हब सञ्चालन गर्दै आएको छ ।

**थप जानकारीका लागिः**

**सेन्टर फर मिडिया रिसर्च - नेपाल**
पो.ब.नं. २४६२२, काठमाडौं, नेपाल
रूद्रमति मार्ग, अनामनगर, काठमाडौँ ।
इमेलः cmrnepal@butmedia.org
वेभः research.butmedia.org